म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३०४ २०८१ असोज ११ गते शुक्रबार 27 September 2024, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

चाडपर्वको समयमा खानपानमा ध्यान दिऔं ।

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
- काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसंग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

'सरकारको अनुकुलतामा ऐन बने, विधेयकमा स्वार्थ देखियो'

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशसभाका सदस्यहरुले सरकारको अनुकुलतामा ऐन बन्ने तथा संशोधन हुने गरेको बताएका छन् । प्रदेशसभाबाट पारित कानुनको अवस्था र कानुनको प्रभावकारी कार्यान्वयनको अवस्था बारेमा अन्तरक्रियामा प्रदेशको आवश्यकता र नागरिकको माग अनुसार ऐन नबन्दा कानुनको पूर्ण कार्यान्वयन हुन नसकेको उनीहरुले बताएका हुन् ।

उनीहरुका अनुसार संघीय सरकारले अधिकार नदिँदा र आवश्यक ऐन नबनाउँदा बागमती प्रदेश सरकारले निर्माण गरेको कानुन कार्यान्वयनमा समस्या भएको हो । संघीय सरकारका कारण प्रदेशसभाका सदस्यहरुले प्रदेश सरकारले निर्माण गरेका कानुनहरुको पूर्ण कार्यान्वयन नभएको बताए । प्रदेश सभा सदस्यहरुले एकल अधिकार सूचिका अधिकार संघले प्रत्यायोजन नगरेको र साझा अधिकार सूचिका कानुनहरु समयमा नै निर्माण नगर्दा प्रदेश सरकारले तयार गरेको कानुन कार्यान्वयनमा जटिलता देखिएको बताए ।

बागमती प्रदेश सभाको प्रदेश मामिला समितिका सभापति छिरीङ दोर्जे लामाले संसदीय समितिमा विधेयक माथि पर्याप्त छलफल हुने गरेको बताउनुभयो । सार्वजनिक चासोको विषयमा सरोकार वाला निकायले पनि कानुन निर्माणमा भूमिका निर्वाह गर्न जरुरी रहेको उहाँले बताउनुभयो । 'नागरिक समाज हामीले सोचेजस्तो सशक्त र जिम्मेवार देखिँदैन । सरकारी तथा गैरसरकारी विधेयकहरुमाथि पेश तथा छलफल आ-आफ्नो तवरबाट सुझाव दिन सकियो । त्यसले ऐन राम्रो बन्ने थियो । स्वार्थकै भरमा पनि ऐन बन्ने र संशोधन हुने सम्मको काम हुने गरेको छ । यस्ता विषयमा नागरिक समाजको खबरदारीको पनि खाँचो महसुस गरेका छौं" उहाँले भन्नुभयो ।

उहाँका अनुसार प्रदेशसभामा पेश भएका विधेयक आवश्यकतामा मात्र नभई केही निजी स्वार्थका कारण समेत आएका छन् । बनेको ऐन कानुन कार्यान्वयन र प्रभावकारिताका विषयमा अनुगमन गर्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो । संसदीय समिति ढिला बन्दा प्रदेशसभाले बनाएका कानुन कार्यान्वयनका विषयहरु अनुगमन हुन नसकेको उहाँको भनाई छ । उद्योग, पर्यटन, वन तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठले विधेयक ल्याइने ऐन, कानुन बन्ने र कार्यान्वयनमा प्रवृत्तिगत समस्या रहेको बताउनुभयो । विधेयकको मस्यौदा निर्माणको चरणमा अन्तर मन्त्रालय, अन्तरसमूह संगठनमा समन्वय नभएको उहाँले बताउनुभयो । परिवेश र आवश्यकताका आधारमा अध्ययन गरेर विधेयक तथा ऐन संशोधन हुने अवस्था नभएको उहाँले स्पष्ट पार्नुभयो ।

'कानून निर्माताहरुबीचमा मतमा एकता छैन । सरकारमा को छ ? उसको आस्था र स्वार्थ के हो ? भन्नेमा आधारित भएर विधेयक आउँछ । ऐन संशोधन गरिन्छ । संशोधन पनि सर्वसम्मत नभई बहुमतले पारित हुन्छ । अनि कसरी आवश्यकता अनुसारको कानुन आउँछ । स्वार्थका लागि त हो", उहाँले भन्नुभयो, "सामाजिक परिवेश र आवस्था हेरेर भन्दा पनि कोही न कोहीबाट प्रभावित भएर कानून बनाइन्छ । अनि कार्यान्वयन पाटो फितलो हुन्छ ।" प्रदेशसभाका सदस्य एका लाल श्रेष्ठले कानुन बिना नै मन्त्रालयहरुले काम अघि बढाएको बताउनुभयो । संघीय कानुनको भरमा

...बाँकी पृष्ठ ३ मा

पहिरोले कान्ति लोकपथ अवरुद्ध

कान्तिलोकपथको बकैया-१२, घट्टेपाखामा खसेको पहिरो ।

समाज संवाददाता

हेटौँडाः पहिरोका कारण हेटौँडा काठमाडौं जोड्ने छोटो दुरिको सडक कान्ति लोकपथ अवरुद्ध भएको छ । बुधबार राती भएको वर्षाका कारण मकवानपुरतर्फ पहिरो खस्दा सडक अवरुद्ध भएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार बुधबार राती १ बजे २० मिनेटको समयमा मकवानपुरको बकैया-१२, घट्टेपाखामा पहिरो खसेको थियो । सो सडक खण्डमा वर्षाको कारण सडक माथिबाट पहिरो खस्दा सवारी आवागमन पूर्णरुपमा ठप्प भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । अवरुद्ध सडक खुलाउन सडक विभाग, फाष्ट ट्रयाकसँग समन्वय गरेर ३ वटा डोजर प्रयोग गरिएको थियो । पहिरोका कारण बाटो अवरुद्ध हुँदा सवारी सात्रन र यात्रु मर्कामा परेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक ठाकुरप्रसाद सापकोटाका अनुसार सडक विभागअन्तर्गतको हेभि इक्युप्मेन्ट र फास्ट ट्र्याकका गरी ३ वटा डोजरले बिहिबार अबेरसम्म पहिरो पन्छाउने काम गर्दा पनि बाटो सुचारु हुन सकेको छैन । हेटौँडा-काठमाडौं सडकअन्तर्गत भीमफेदी-कुलेखानी-मार्खु र कुलेखानी सिस्नेरी सडक भने सुचारु छ ।

बोलेरोको ठक्करबाट पैदलयात्रीको मृत्यु

समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत चितवन जिल्लाको खैरहनी नगरपालिका-१, बहेराचोकमा बोलेरो जीपको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । बुधबार साँझ साढे ७ बजेको समयमा लोथरबाट नारायणगढतर्फ जाँदै गरेको प्र २-०३-००१ च ५९५९ नम्बरको बोलेरो गाडीले ठक्कर दिँदा पैदलयात्री रौतहट जिल्लाको कटहरिया नगरपालिका-१ का ७० वर्षीय लोचन यादवको मृत्यु भएको हो । बोलेरोको ठक्कर बाछ घाईते भएका यादवलाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएको थियो । अस्पतालमा चिकित्सकले यादवको मृत्यु भएको घोषणा गरेका थिए । यादवलाई ठक्कर दिने बोलेरो जीप र चालक पर्सा जिल्लाको पर्सागढि नगरपालिका-३ का २६ वर्षीय प्रदीप पटेल प्रहरीको नियन्त्रणमा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

YAMAHA RACING
The call of the BLUE
BIGGEST १०शैं EXCHANGE & UPGRADE
SURE SHOT CASH DISCOUNT UPTO
Rs 10 LAKHS
10 YEARS WARRANTY ON FI*
FREE ACCESSORIES
EASY FINANCE
SPOT EXCHANGE
0% INTEREST EMI
*ON SPECIFIC MODELS
BEST VALUE GUARANTEED
10 YEAR WARRANTY* ON YAMAHA FI
*Conditions Apply
ASHOJ 10TH - 16TH
www.yamaha.com.np
Yamaha Nepal
HETAUDA
RAJ MOTORS
057-526460, 9855068060
9766378900

एसियन पेन्ट्स् (नेपाल) प्रा.लि को जग्गा बिक्री को लागी खरिद गर्न ईच्छुक ब्यक्ति/फर्म वा कम्पनिहरूको बोलपत्र आब्हान सम्बन्धि सूचना !!!

यस एशियन पेन्ट्स नेपाल प्रा.लि ("कम्पनी") ") कोस्वामित्वमा रहेको तपशील बमोजिमको बाउण्डरी वाल सहितको जग्गा/जमिन, कम्पनीको श्रम सम्बन्ध समितिले तोकेको दर,रेट,न्युनतम् मुल्य नघट्ने गरि बोलपत्रमा मञ्जुर गरेको मुल्यमा तपशीलमा तोकेको मापदण्ड भित्र रहि उक्त जग्गा जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा खरिद गर्न तपशिलमा लेखिएका सम्पुर्ण शर्तहरू पालना गरि प्रचलित प्रकृया अनुसार खरिद गर्न ईच्छुक ब्यक्ति/फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजात सहित आफुले कवोल गरेको जमिनको मुल्य विवरण प्रस्तावमा उल्लेख गरि सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको ठेगाना (पो.ब.नं ३७, एशियन पेन्ट्स नेपाल प्रा.ली हेटौडा औद्योगिक क्षेत्र, हे.उ.म.न.पा ८) शिलबन्दि खामको बाहिरी भागमा प्रयोजन समेत खुलाई आशय पत्र दर्ता गर्न गराउनुहुन सुचित गरिन्छ ।

(क) जग्गाको विवरणः

(१) जग्गाको ठेगानाः मकवानपुर जिल्ला,साबिक रातोमाटे ५,हाल हेटौंडा उपमहानगरपालिका वडा नं १५ ।
(२) जग्गा क्षेत्रफलः ज.बि. २-५-०-० (४५ कठ्ठा)
(३) जग्गा कित्ता नः २१७९, २१८१, २३७०, २३७१, २३७२, २३७३, २३७५,२३७६, २३७७, २३७८, २६०१, २६०३

(ख) कम्पनीको श्रम सम्बन्ध समितिले तोकेको जमिनको न्युनतम् मुल्यः रू.१२००००००/–(अक्षेरूपी बाह्र करोड रूपैंया मात्र ।)

(ग) कम्पनीको श्रम सम्बन्ध समितिले तोकेको शर्तहरूः

१) ईच्छुक ब्यक्ति/फर्म वा कम्पनीले आफ्नो परिचय खुल्ने कागजात (ब्यक्तिको हकमा ना.प्र.प को प्रतिलिपि, कम्पनी वा फर्मको हकमा सम्बन्धित फर्म वा कम्पनी प्रोफाईलको पछिल्लो प्रवन्धपत्र र नियमावली, प्यान र भ्याट दर्ता प्रमाण पत्र र नबिकरण भएको कागजात सहित नक्कल कागजात को प्रत्येक पानाको पछाडी आधिकारीक हस्ताक्षर र छाप अनिबार्य गरि आशय-पत्रसाथ पेश गर्नुपर्नेछ ।

२) कम्पनीको श्रम सम्बन्ध समितिले तय गरेको मूल्यमा नघट्ने गरि ईच्छुक ब्यक्ति/फर्म वा कम्पनीहरूले कबोल गरेको मुल्यको आधारमा अधिकतम मूल्य कबोल गर्ने ब्यक्ति/फर्म वा कम्पनीलाई श्रम सम्बन्ध समितिको बैठकमा अनुमोदनको लागि पेश गरिनेछ ।

३) शर्त नं २ अनुसार खरिद गर्न ईच्छुक ब्यक्ति/फर्म वा कम्पनीले कबोल गरेको रकमको १५ प्रतिशत रकम कम्पनीको आबास कोषको खाता (ASIAN PAINTS N.P.L.E.H.FD-Nabil Bank Hetauda को खाता नं 02301017502926)मा जम्मा गरि Bank Deposit Voucher वा Unconditional Irrevocable Bank Guarantee and Payable on Demand वा Good for Payment आशय पत्रसाथ दाखिला गरि श्रम सम्बन्ध समितिको बैठकबाट तोकिए अनुसारको प्रकृया पुरा गर्नु पर्नेछ ।

४) यसरी दाखिला गरिएको रकम सम्पुर्ण छनौट प्रक्रिया पुरा नभएसम्म धरौटि कायम रहने छ । सो रकम बोलपत्र छनौट प्रक्रिया पुरा भएसम्म जम्मा गरी राख्नुपर्ने छ र यदी छनौट प्रक्रियामा संलग्न ब्यक्ति/फर्म वा कम्पनीहरू छनौटमा नपरेमा मात्र उक्त रकम फिर्ता हुनेछ । छनौट नभएका आशय पत्रहरूको आधारमा सम्बन्धित ब्यक्ति/फर्म वा कम्पनीहरूको रकम तोकिएको बैंक खाता वा प्रतिनिधिलाई चेक मार्फत फिर्ता गरिनेछ ।

५) बोलपत्रमा कम्तिमा पनि तीन वटा ब्यक्ति/फर्म वा कम्पनीहरूको अनिवार्य सहभागिता हुनुपर्ने छ । यदि तीन भन्दा कम बोलपत्र आएमा, प्रकृया अघि बढ्ने वा नबढ्ने सम्बन्धमा श्रम सम्बन्ध समितिले गर्ने निर्णय नै आधिकारिक हुनेछ । सो को जानकारी सम्बन्धित लाई दिईनेछ ।

६) एशियन पेन्ट्स (नेपाल) प्रा.लीमा सम्बद्ध कामदार तथा कर्मचारी वा आफ्नै वा नातेदार संलग्न कम्पनीहरूले बोलपत्र प्रक्रियामा सहभागी हुन पाउने छैनन् । जग्गा बिक्री/नामसारिको कुनै पनि चरणमा सो देखिएमा उक्त फर्म वा कम्पनीलाई स्वत बर्खास्त गरिनेछ ।

७) म्याद नाघि वा रित नपुगी, शर्त तोकी वा शर्त नपुगी प्राप्त भएका आशयपत्र उपर कुनै कारबाही गरिनेछैन । जुनसुकै शर्त तोकेको भएता पनि सूचना अनुसारका शर्तहरू मात्र मान्य हुनेछ । यस प्रक्रियामा कुनै विवाद श्रृजना भएमा कम्पनीको श्रम सम्बन्ध समितिको निर्णय अन्तिम हुनेछ ।

८) कम्पनीले नेपालको विद्यमान कानुनले तोकेको निर्दिष्ट प्रकृया पुरा गरी जग्गा बिक्री/नामसारी संग सम्बन्धित सम्पुर्ण कार्य गर्न सम्बन्धित मा.पो.का, नगरपालिका/वडा तथा अन्य सरकारी निकायमा गई सहजीकरण गरि हक हस्तान्तरण गरिदिनेछ । तोकिएको राजश्व,सरकारी दस्तुर र सो जमिनको बिक्रि अन्तर्गत लाग्ने अन्य शुल्क नियमानुसार कम्पनीले भुक्तान गरिदिनेछ । प्रचलित कानुन अनुसार जग्गाको थैली मूल्यको आधारमा जग्गा खरिद प्राबधान अनुसार खरिदकर्ताले बुझाउनुपर्ने रकम सम्बन्धित ब्यक्ति/फर्म वा कम्पनीले भुक्तानी गर्नुपर्नेछ ।

९) जग्गा खरिद गर्ने आशयपत्र पेश गरिसकेपछि श्रम सम्बन्ध समितिले तोकेको प्रकृयामा समाबेश भए पश्चात प्रकृयाको बिचमा छोडेमा वा आलटाल गरि १५ दिन भन्दा बढि समय कम्पनीको सम्पर्कमा नआएमा वा बोल कबोल स्विकृत भए पश्चात समय भित्र नामसारी गरि लिन नआएमा वा ईन्कार गरेमा श्रम सम्बन्ध समितिले सम्बन्धित ब्यक्ति/फर्म वा कम्पनीको खरिद नगर्ने नियतको ठहर गरी उक्त बैंक ग्यारेन्टि दाबी गरि श्रम सम्बन्ध समितिले जफत गर्नेछ । बोल कबोल स्विकृत भए पश्चात १ महिना भित्र जग्गा नामसारी दिनु लिनु गरिसक्नुपर्नेछ ।

१०) कम्पनीले उक्त जग्गा खरिद गर्न ईच्छुक ब्यक्ति/फर्म वा कम्पनीको निर्धारित लागत शुल्क जग्गा बिक्री बापतको सम्पुर्ण रकम कम्पनीको बैंक खातामा प्राप्त भए पछि वा Good For Payment को चेक प्राप्त भई सकेपछि वा जग्गा बिक्रिको अन्तिम फरफारक भए पछि नामसारी गरिदिनेछ ।

११) जग्गा खरिद गर्न इच्छुक ब्यक्ति/फर्म वा कम्पनीले एकमुस्ट जग्गा खरिद गर्नु पर्ने छ ।

१२) खरिद गर्न इच्छुक ब्यक्ति/फर्म वा कम्पनीले प्रचलित कानुन अनुसार बिगो,जरिवाना तथा निकायहरूमा तिर्नु बुझाउनु पर्ने अन्य कुनै कानुनी दायित्व प्रति कम्पनी जिम्बेवार हुनेछैन ।

आशयपत्र आह्ववानकर्ता
श्रम सम्बन्ध समिति
एशियन पेन्ट्स नेपाल प्रा.लि
हे.औ.क्ष-हेटौंडा उप महानगरपालिका वडा नं ८
पो.ब.नं ३७

सम्पादकीय

कर्मचारी व्यवस्थापन

नेपालको संविधान २०७२ अनुसार मुलुकमा ३ तहको सरकारसहित संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनमा आयो । संविधानले व्यवस्था गरेको संघीय संरचनाअनुसार निर्वाचन सम्पन्न भएर प्रदेश तहको व्यवस्थापिका र कार्यपालिका (सरकार) गठन भएको पनि सात वर्ष पुग्न लागेको छ । यसबीचमा निजामती कर्मचारीलाई प्रदेश र स्थानीय तहमा समायोजन गरियो । त्यतिमात्र होइन, प्रदेशले आफ्नै लोकसेवा आयोगको व्यवस्था गरेर कर्मचारी भर्ना, छनोट र नियुक्तिको सिफारिस गर्दै आएको छ । प्रदेश सरकारले कर्मचारी व्यवस्थापनका लागि आवश्यक कानुन बनाएर कार्यान्वयन पनि गरिरहेको छ । तर पनि प्रदेशका मन्त्रालय तथा अन्य महत्वपूर्ण निकायमा आवश्यक कर्मचारी व्यवस्थापन हुन सकेको छैन । सामान्यमात्र होइन, उच्च पदस्थ कर्मचारीसमेत समयमै व्यवस्थापन नहुँदा प्रदेश सरकारले प्रभावकारी काम गर्न सकेको छैन । विगतमा केन्द्र सरकारसँग रहेका अधिकांश अधिकार प्रदेश र स्थानीय तहमा प्रत्यायोजन गरिएको भए पनि कर्मचारी व्यवस्थापन सहज नहुँदा समस्या भइरहेको छ ।

बागमती प्रदेशको विभिन्न मन्त्रालयसहित ५ निकायमा सचिव स्तरको पद रिक्त भएको छ । संघ तथा प्रदेश सरकारले कर्मचारी व्यवस्थापनमा ध्यान दिन नसक्दा सचिव पद रिक्त भएको छ । प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा नै सचिव पद रिक्त छ भने प्रदेशको कर्मचारी व्यवस्थापन गर्नुपर्ने प्रदेश लोकसेवा आयोगमै सचिव सरुवा भइसकेका सचिवले काम गरिरहेका छन् । प्रदेश नीति तथा योजना आयोग, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयमा पनि सचिव नियुक्ति हुन सकेको छैन । कार्यरत सचिवहरु सरुवा भएर गए पनि नयाँ सचिव खटाउन विलम्ब हुँदा पद रिक्त भएको हो । सचिव पद रिक्त हुँदा केही निमित्तको भरमा चलेको छ भने केहीमा दोहोरो जिम्मेवारी दिइएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय सुधार महाशाखा सचिवविहिन भएको २ महिना हुन लागेको छ । सचिव सरुवा भएर गए पनि अर्को सचिव तोकिएको छैन । रिक्त रहेका सबै निकायका सचिव सरुवा भएको नयाँ सचिवको जिम्मेवारी नतोकिएका कारण सचिव पद रिक्त भएको हो ।

राजनीतिक नियुक्ति हुने बागमती प्रदेशका कतिपय निकायको कार्यकारी पदमा समेत समयमै नियुक्ति हुन सकेको छैन । बागमती प्रदेशमा समयमै कर्मचारी व्यवस्थापन नहुने समस्या पुरानै हो । एक जना सचिवको दरबन्दी रहेको मन्त्रालयमा २ जना सचिवको नियुक्ति पनि बागमती प्रदेशमा भएको थियो । प्रदेशको स्वास्थ्य मन्त्रालयमा अहिले पनि दुई सचिव रहेका छन् । आफू अनुकूल नभएको भन्दै संघीय सरकारले पठाएको सचिवलाई हाजिर नगराउने परिपाटी पनि कहिलेकाहीँ देखिने गरेको छ । विगतमा संघीय सरकारले सचिवको जिम्मेवार निकायसमेत तोकेर सरुवा गर्ने गरेकोमा पछिल्लो समय मुख्यमन्त्री कार्यालयलाई जिम्मेवारी तोक्ने अधिकार दिएका कारण सचिव नियुक्तिमा अझै अलमल भइरहेको देखिन्छ । संघीय सरकारले करिब दुई साता अघि नै बागमती प्रदेशमा आवश्यक सचिव पठाउने निर्णय गरेको भए पनि प्रदेश सरकारले जिम्मेवारी तोक्न नसकेको हो ।

प्रदेशका मन्त्रालय तथा अन्य निकाय र मातहतका कार्यालयले समयमा कर्मचारी व्यवस्थापन नहुँदा आवश्यक सेवा प्रवाह र कार्यक्रम कार्यान्वयन गर्न समस्या पर्ने बताउने गरेको छ । संघीयता कार्यान्वयनपछि संघ, प्रदेश र स्थानीय सरकार बनाइए पनि काम गर्ने कर्मचारीको उचित व्यवस्थापन नहुँदा सरकारले सहज सेवा प्रवाह गर्न सक्दैन । समयमा कर्मचारी व्यवस्थापन नहुँदा मन्त्रालय र मातहतका निकायको काम कारबाही र सेवा प्रवाहमा नकारात्मक प्रभाव पर्ने निश्चित छ । सरकारले समयमै कर्मचारी खटाउन नसक्ने र खटाएका कतिपय कर्मचारी विभिन्न बहाना बनाउँदै खटाएको ठाउँमा नजाँदा कर्मचारी व्यवस्थापनमा समस्या हुने गरेको छ । सरकारले उपयुक्त विधि र प्रक्रियाबाट समयमै कर्मचारी खटाउने र खटाएका कर्मचारी तोकिएको ठाउँमा नगएर नियमानुसार कारबाही गर्ने अवस्था नहुँदासम्म कर्मचारी व्यवस्थापन प्रभावकारी हुन सक्दैन ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५
जिल्ला प्रहरी कन्ट्रोल	१००
ट्राफिक प्रहरी	१०३
वडा प्रहरी	५२०२९९
पशुपतिनगर इलाका	५२०५९८
मनहरी इलाका	९८५५०९०१६१
भीमफेदी इलाका	६९१४६२
पालुङ इलाका	६२०४६७
फापरबारी इलाका	६२१९८०
चित्लाङ इलाका	६२१०००
वारुण यन्त्र	१०१
बालबालिका खोजतलास केन्द्र	१०४
बाल हेल्पलाइन	१०९८
हेलो सरकार	११११
नेपाल टेलिकम सोधपुछ	१९७
एम्बुलेन्स	१०२
नेपाल विद्युत प्राधिकरण गुनासो	११५०

तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : पराक्रमी र सामाजिक काममा लागि परिने छ ।
वृष : राम्रो नतिजा हात पर्ने समय योग रहेको छ ।
मिथुन : खराब र दिक्क लाग्दो समय समाप्त हुँदैछ ।
कर्कट : व्यवहारिक खर्च बढ्ने समय योग रहेको छ ।
सिंह : राजनीतिक वा सामाजिक क्षेत्रबाट लाभ प्राप्त ।
कन्या : गुमेको धन प्राप्ति हुने समय योग रहेको छ ।
तुला : चुनौति र संघर्षले युक्त समय योग छ ।
वृश्चिक : जोखिम र संकटबाट बच्दा राम्रो रहने समय छ ।
धनु : भोगिविलास र आनन्दका लागि समय बिल्ला ।
मकर : सकारात्मक र व्यवहारिक सोचेको विकास हुनेछ ।
कुम्भ : नैराश्य र वैराग्यका भावनाबाट टाढा रहँदा राम्रो ।
मीन : शारीरिक रुपमा स्वस्थता हुँदै जाने समय योग छ ।

किन बन्न सकेन 'सहकारी समाज' ?

सहकारी समाज निर्माण गर्न अगुवाइ गर्ने अगुवाले सहकारी समाजको भाव, आदर्श, मूल्य, सिद्धान्त राम्ररी बुझेको र अरूलाई बुझाउन सक्ने हुनुपर्छ । जसरी कुनै धर्मको अगुवाइ गर्नेले त्यो धर्म र विशेषता राम्ररी बुझेको र व्याख्या गर्न सक्ने हुनुपर्छ ।

रामचन्द्र उप्रेती

समाजमा भएका अनेकौं उतारचढावलाई नजिकबाट हेरिरहेका, अध्ययन गरिरहेका र समुन्नत समाजको चाहना गर्ने पूर्वजहरूले सहकारी समाजको परिकल्पना गरे । उन्नाइसौं शताब्दीमा युरोपमा यस्ता धेरै चिन्तकहरू थिए जसले समाजको दुरवस्थाको परिवर्तन गरेर नयाँ र उन्नत समाजको कल्पना गरे । भुइँ मानिसले पाएको दुःख, अभावबाट कसरी मुक्ति खोज्ने भनेर उपाय निकाले ।

तिनैमध्येका एक थिए रोबर्ट ओवेन । उनले समाज परिवर्तनका लागि गरेका प्रयास सफल त भएनन् तर उनले लिएको विचार अनुसार 'रोजडेली इक्विटेबल पायोनियर सोसाइटी' गठन गरेर काम गर्नेहरूले सफलता पाउँदै गए । रोजडेलीहरूले गरेको पहिलो सफल अभ्यास नै सहकारी आन्दोलनको पहिलो सहकारीको रूपमा स्वीकार भयो । सन् १८४४ मा बेलायतको मेनचेस्टर शहरमा यो 'समाज' को सुरुआत भएको थियो ।

रोजडेलीहरू रोबर्ट ओवेनले चलाएको समाज सुधारको अभियानमा संलग्न थिए । त्यो अभियान सफल त भएन तर त्यसबाट रोजडेलीहरूले धेरै कुरा सिके । सिकेका कुरालाई व्यवहारमा नियम बनाएर प्रयोग गरे । यिनै नियम र व्यवहारले उनीहरूलाई सफल बनाएको हुनाले पछि खुल्दै गएका सहकारीहरूले पनि रोजडेलीहरूले बनाएका नियमहरूको पालना गरे ।

नियममा विश्वास भएका र नियमको नियमित पालना गर्नेहरूलाई मात्रै सदस्य बनाउने गरे । सन् १८९५ मा यस्ता सहकारीहरूको अन्तर्राष्ट्रिय महासंघ बन्यो । यसले सहकारीमा अभ्यास गरिएका नियमहरूलाई सिद्धान्तको रूपमा स्वीकार गरियो । सहकारी समाजका लागि मूल्य र सिद्धान्त बने ।

महासंघले समय-समयमा सहकारीको परिभाषा, मूल्य र सिद्धान्तलाई विकास एवम् व्याख्या गर्दै गयो । यिनै परिभाषा, मूल्य र सिद्धान्तका आधारमा विश्वभरि सहकारी फैलँदै गयो । सहकारी समाज, सहकारी अर्थतन्त्र र सहकारी संस्कार निर्माण हुँदैगयो ।

नेपालमा विधिवत् रूपमा २०१० सालमा सहकारी विभागको गठन गरेर प्रवेश भए पनि पहिलो सहकारीको गठन २०१३ सालमा राप्तीका बाढी पीडितलाई सहयोग गर्न चितवनको राप्तीदुनमा पहिलो सहकारी गठन भयो । पहिलो पटक २०१६ सालमा सहकारी ऐन बन्यो ।

पञ्चायतकालमा सहकारीलाई पञ्चायत मातहतमा राखियो र प्रजातान्त्रिक नियन्त्रणको अभ्यास हुन रोकियो । यसको कारण भनेको सहकारीमा प्रजातन्त्रको अभ्यास हुँदा पञ्चायतले आफूलाई असुरक्षित ठान्यो । मैले थाहा पाएसम्म पञ्चायतकालभरि सहकारीका सात सिद्धान्त कहिल्यै पढाइएन ।

बहुदलीय व्यवस्थामा पहिलाको सहकारी ऐन खारेज गरेर सहकारी ऐन २०४८ बन्यो । ऐनले सहकारी समाज भनेन । सहकारी संघ-संस्था भन्यो । सहकारीका मूल्य र सिद्धान्तमा विश्वास भएका मात्रै सदस्य हुन्छन् वा सदस्य भएपछि बुझाइन्छ भन्ने कल्पना गरियो ।

जब सदस्यले सहकारीका मूल्य र सिद्धान्त बुझ्नेछन् तब सहकारी समाज निर्माण गर्न स्वयम्ले यी मूल्य एवम् सिद्धान्तको पालना गर्नेछन् । सहकारी समाज निर्माणका लागि सदस्यहरूले काम गर्नेछन् । गरेको कामको स्वमूल्याङ्कन र स्वनियमन गर्नेछन् भन्ने कल्पना गरियो ।

सहकारी समाज निर्माणका लागि सदस्यले यी आधार मूल्य-स्वावलम्बन, स्वउत्तरदायित्व, प्रजातन्त्र, समानता, न्याय र ऐक्यबद्धताको पालना गर्ने छन् । सदस्य र संस्था दुवैले पालना गर्ने नैतिक मूल्य-इमानदारी, खुलापन, सामाजिक उत्तरदायित्व र अरूको हेरचाहलाई स्वयम्ले नियमपूर्वक व्यवहारमा ल्याउने छन् भन्ने कल्पना गरियो ।

त्यसैगरी सहकारीका सिद्धान्तहरू पहिलोः ऐच्छिक तथा खुला सदस्यता, दोस्रो- सदस्यहरूको प्रजातान्त्रिक नियन्त्रण, तेस्रो- सदस्यहरूको आर्थिक सहभागिता, चौथो- स्वायत्तता र स्वतन्त्रता, पाँचौं- शिक्षा, तालिम र सूचना, छैटौं- सहकारी-सहकारी बीचको सहयोग र सातौं- समुदाय प्रतिको चासो । यी सिद्धान्तको नियमपूर्वक पालना हुनुपर्ने हो ।

सहकारी समाज निर्माण गर्न सहकारीका मूल्य र सिद्धान्तको नियमपूर्वक र नियमित अभ्यास हुन जरूरी छ । यसका लागि सबैभन्दा पहिला सहकारीका मूल्य र सिद्धान्त बुझेका र यसलाई आत्मसात् गर्ने, व्यवहारमा उतार्न प्रतिबद्ध मानिसहरू सहकारीको नेतृत्वमा हुन जरूरी छ ।

सहकारीको स्थापना सहकारी समाजको निर्माणका लागि गरिन्छ । अंग्रेजीमा 'को-अपरेटिभ सोसाइटी' भनिने यसको अर्थ नेपालीमा सहकारी समाज हुन्छ । तर नेपालमा सहकारी समाज नभनेकाले यसलाई पूर्ण अर्थमा बुझिएन कि जस्तो लाग्छ ।

सहकारी समाज निर्माण गर्न अगुवाइ गर्ने अगुवाले सहकारी समाजको भाव, आदर्श, मूल्य, सिद्धान्त राम्ररी बुझेको र अरूलाई बुझाउन सक्ने हुनुपर्छ । जसरी कुनै धर्मको अगुवाइ गर्नेले त्यो धर्म र विशेषता राम्ररी बुझेको र व्याख्या गर्न सक्ने हुनुपर्छ ।

त्यति मात्रै होइन अगुवाको आचरण अनुयायीका लागि स्वीकार्य हुनुपर्छ । हिन्दु धर्ममा व्यासासनमा बसेर प्रवचन गर्ने पण्डित, गुरु, आचार्यसँग कस्तो ज्ञान, आचरण र व्यवहारको अपेक्षा गरिन्छ ? उनले घुँडा फट्याएको जिन्सको पेन्ट र टिसर्ट लगाएर पुराणको आसनमा बसे, बेलुका मासु सहितको मदिरा सेवन गरे भने के हुन्छ ?

यस्तै अरू धर्ममा पनि धर्मका अगुवाहरूसँग निश्चित आचरण र नियम पालना भएको अपेक्षा अनुयायीहरूले गर्छन् । तब मात्रै अनुयायीमा पनि यो आचरणको केही भाग अपेक्षा हुन्छ ।

त्यस्तै समाज र राज्यका विभिन्न जिम्मेवारीमा बसेका मानिसमा पनि यो अपेक्षा समाजको हुन्छ । राज्यको हुन्छ । शिक्षक, प्रहरी, सरकारी कर्मचारी, न्यायाधीश, प्राध्यापक, डाक्टर, इन्जिनियर, नेता आदि आदिसँग पनि पदीय मर्यादा अनुरूपको ज्ञान, आचरण, व्यवहारको अपेक्षा हुन्छ ।

एउटै विश्वविद्यालयमा हुन्छन् भनेर विद्यार्थी र प्राध्यापकको आचरण एवम् व्यवहार एकै खालको हुन सक्दैन । दुवै पक्षका लागि अदालत कर्मथलो हो तर न्यायाधीश र वकिलको भूमिका उस्तै हुन्छ भनेर अपेक्षा गरिदैन ।

सहकारी समाज भनेको स्वावलम्बी, स्वाभिमानी, आत्मनिर्भर, पारस्परिकता, सहयोगी, सहकार्य, समता आदि विशेषता भएको हुन्छ । यी विशेषता प्राप्तिका लागि सहकारीको मूल्य र सिद्धान्तको नियमपूर्वक र नियमित अभ्यास निरन्तर गरिरहनुपर्छ । तब मात्रै सहकारी समाजको लक्ष्य पछ्याउन सकिन्छ ।

नेपाली समाजको हकमा के भयो ? नेपालमा सहकारी ऐन बन्यो । सहकारी खोल्न पाइने भयो, खोलियो । तर, न सहकारीका मूल्यको ख्याल गरियो न सिद्धान्तको । जब मूल्य र सिद्धान्तको बारेमा सहकारी अभियानमा लागेका मानिस बेखबर भए तब सहकारी समाजको कुरा नै हरायो । सहकारीका आचरण, व्यवहार, दर्शन, आदर्श सबै खुइलिए, हराए अनि छोपिए ।

त्यसपछि के भयो ? सहकारीमा दुई खालका मानिसको प्रवेश भयो । एक खालका मानिस सहकारीको माध्यमबाट सदस्य र समुदायको आवश्यकता पूरा गर्न चाहने । अर्को खालका मानिस सहकारीको माध्यमबाट आफ्नो स्वार्थ पूरा गर्न चाहने ।

सदस्य र समुदायको पक्षमा काम गर्न चाहनेले जति जाने, जति सिके त्यसका आधारमा काम गर्दै गए । तिनीहरू पनि कोही कोही अप्ठ्यारोमा परेका छन् । त्यसको कारण सहकारीलाई ठीकसँग नबुझ्नु, सहकारीका मूल्य र सिद्धान्तको ठीक-ठीक र नियमपूर्वक एवम् नियमित प्रयोग गर्न नसक्नु, संस्थाले गरेको व्यवसायको चरित्र र जोखिमलाई राम्ररी नबुझ्नु मुख्य हुन् ।

सहकारीको मूल्य र सिद्धान्तलाई राम्ररी नबुझेको भए पनि केही इमानदार र सक्षम नेतृत्वका कारण सहकारी र सहकारी व्यवसाय टिकेका छन् । तिनलाई आजको अवस्थामा राम्रा सहकारी भनिन्छ । तर अर्को दश वा बीस वर्षमा ती संस्थामा के हुन्छ भन्न सकिन्न ।

किनकि त्यहाँ संस्थागत विकास र सुशासनको अभ्यास कम छ । सहकारी समाजको बारेमा, सहकारी मूल्य र सिद्धान्तका बारेमा त्यस्ता राम्रा भनिएका सहकारीमा पनि सिक्ने र सिकाउने कुरामा कमी छ ।

अर्को खालका मानिस त सहकारीमा आफ्नो स्वार्थ पूरा गर्न आए । स्वार्थ पनि खाल-खालका छन् । त्यसमा आफू धनी बन्ने चाहना भएकाहरू र धनी पनि बन्ने र आफ्नो करियर पनि बनाउने चाहना भएकाहरु । धनी मात्रै बन्न चाहनेहरु चुपचाप धन बटुल्ने काममा लागे ।

उनीहरू सहकारीमा जम्मा भएको धन आफ्नो बनाउन लागे । तिनीहरूमध्ये कतिले अभियानमा सम्पर्क नै गरेनन् । नियामक निकायलाई कुस्त खुसी पारे । जे जे गर्नुपर्छ गरे । केहीले अभियानको नेतृत्व हत्याउन र शक्ति आर्जन गर्न जे जे नगर्नुपर्ने हो त्यो सबै गरे । नियामक निकाय र अभियान देखेको नदेख्यै गरिरह्यो ।

सहकारीका मूल्य, सिद्धान्तका कुरा र सहकारी समाज निर्माण गर्ने विषय न प्रारम्भिक सहकारीमा भेटिन्छ न संघहरूमा । सहकारीको मूल दर्शन, मूल्य र सिद्धान्तको पक्षमा सहकारीका सदस्य, नेतृत्व, सहकारी अभियानका ठूला नेता, नियामक निकाय कसैको ध्यान गएन । ध्यान केवल आ-आफ्नो स्वार्थमा केन्द्रित भयो ।

सहकारी अभियानको छाता संगठन महासंघ र केन्द्रीय निकायमा नेतृत्व गर्नेहरू १५० छन् भनेर मान्ने हो भने तीमध्ये सहकारीको आदर्श, मूल्य, सिद्धान्तलाई आत्मसात् गरेका र त्यस अनुरुप सोच, कार्य, आचरण, व्यवहार भएका कति जना होलान् ? के दश जना भेटिन्छन् ? म त यति सङ्ख्या पनि भेट्न मुस्किल छ भन्छु ।

यी मध्येका केही जेलमा छन्, केहीको भागाभाग छ । धेरैका प्रारम्भिक सहकारी नै छैनन् । धेरै नेताले प्रतिनिधित्व गरेको जिल्ला, विषयगत, प्रदेश र कति केन्द्रीय सहकारी संघको दश-बीस वर्षदेखि साधारणसभा भएको छैन । झोलामा लेटर प्याड बोकेर वर्षौंदेखि उही मानिस प्रतिनिधि र नेता भइरहन्छन् ।

सम्बन्धित पार्टीले सहकारीलाई भोट बैंक बनाउने र कार्यकर्ताको व्यवस्थापन गर्नेभन्दा पर सोच्न सकेनन् । पार्टीका कार्यकर्ता र नेताले सहकारीमा लागेर सहकारी समाज बनाउने कुरा कहिल्यै सोचेनन् र गरेनन् । नियमक निकायको क्षमता यति धेरै सहकारीलाई नियमन गर्न सक्ने छँदैछैन । बरु यो निकायका कतिपय अवस्थामा भएका गलत निर्णयको कारण अहिलेको अवस्था आउनमा सघाउनै पुग्यो ।

यसको निष्कर्ष के हो भने- नेपाली समाजमा सहकारी अभियानको आवश्यकता छ । यसले जानी नजानी पनि नेपाली समाजमा निकै ठूलो योगदान गरेको छ । यसका उपलब्धिलाई जोगाउँदै सहकारी अभियानलाई पुनर्संरचना गर्न आवश्यक छ । सहकारीको मूल मर्म, आदर्श, मूल्य, सिद्धान्तको अध्ययन र अध्यापन गर्ने गरी संरचना बनाउनुपर्छ ।

सहकारी समाज निर्माण सहकारी अभियानको उद्देश्य हुनुपर्छ । यो उद्देश्य पूरा गर्न मन, वचन र कर्मले लाग्न सक्नेलाई सहकारी अभियन्ता भन्ने गर्नुपर्छ । सहकारी अभियन्ता पालिका-पालिकामा हुनुपर्छ । यस्ता अभियन्ताका लागि सहकारी ज्ञान र आचरण हुन जरूरी छ । यो राज्यले निर्धारण गर्नुपर्छ ।

यस्तो ज्ञान र आचरण भएकाहरूले प्रारम्भिक सहकारीहरूलाई नियमित प्रशिक्षित गर्नेछन् । आवश्यकता अनुसार यस्तै अभियन्ताहरूले सहकारीको नेतृत्व पनि गर्न सक्छन् । सहकारीको नेता बन्न सहकारी ज्ञान र आचरण भएपछि मात्रै योग्य हुने व्यवस्था गर्नुपर्छ ।

हरेक प्रारम्भिक सहकारीमा सहकारीको मर्म, आदर्श, मूल्य र सिद्धान्त बुझेका व्यक्ति हुनुपर्छ । हरेक सहकारीको लक्ष्य सहकारी समाज निर्माण हुनुपर्छ । सहकारी समाज निर्माणको लक्ष्य बिर्सिएको, हराएको सहकारी अभियानले सहकारीको गन्तव्य भेट्टाउँदैन ।

अहिलेकै अवस्थाले निरन्तरता पाए अर्को दश-बीस वर्षमा फेरि यस्तै समस्या दोहोरिनेछ । छद्म चरित्र भएकाहरुको जिम्मा र नेतृत्वले सहकारीको गन्तव्य भेट्टाउँदैन । *(स्रोतः अनलाईनखबर)*

किताबघरको दसैं 'अफर

पुस्तक खरिदमा २० प्रतिशत छुट

समाज संवाददाता

हेटौँडाः दसैं नेपाली समाजको प्रमुख पर्व हो । दसैंमा खाने, पिउने, घुम्ने, र माउने अनेकौं योजना हुन्छन् । पछिल्लो समय उल्लेखित योजनासँगै एउटा वर्गको योजना हुन्छ उत्कृष्ट पुस्तक अध्ययन गर्ने । पुस्तक अध्ययनमा रुचि राख्नेहरुका लागि हेटौँडास्थित किताबघरले पुस्तक खरिदमा २० प्रतिशतसम्म छुटको योजना ल्याएको छ ।

हेटौँडा-४, भैरवरोडस्थित किताबघरले दसैँको अवसरमा पाँच हजार रुपैयाँ भन्दा बढीको पुस्तक खरिद गर्नेलाई एक वर्षसम्म २० प्रतिशत छुट दिने योजना ल्याएको किताबघरका संचालक छवि अनित्यले जानकारी दिनुभयो । यो योजना असोज ७ गतेदेखि सुरु भएको र असोज २४ गते फुलपातिसम्म कायम रहने उहाँले जानकारी दिनुभयो । किताबघर सामान्य समयमा १० प्रतिशत छुट दिँदै आएको छ । पठन संस्कृतिको विकास गर्न,



गराउन किताब किन्ने, पढ्ने पाठकलाई प्रेरित गर्ने गरी योजना ल्याएको अनित्यको भनाइ छ । दसैं लक्षित गरेर चर्चित लेखकहरुका १५ भन्दा बढी नयाँ पुस्तक प्रकाशन भइसकेको छ ।

पहिलाको तुलनामा अहिले किताब किन्नेको संख्या बढदै गएको उल्लेख गर्नुहुँदै छवि अनित्यले भन्नुभयो, "२०७९ साल फागुन महिनामा किताबघर सञ्चालनमा आएपछि क्रमशः विभिन्न अवसरमा हामीले अफर ल्याएका छौं। सुरुका दिनमा पाठकको उपस्थिति र सकारात्मक प्रतिक्रिया प्राप्त हुन सकेको थिएन। अहिले केही सकारात्मक नतीजा देखिन थालेको छ।" किताबघरले पुस्तकप्रति विद्यार्थी, शिक्षकसँगै आम सर्वसाधारणलाई आकर्षित गर्ने प्रयास गरिरहेको छवि अनित्य बताउनुहुन्छ ।

किताबघरले पुस्तकालय दिवस, शिक्षा दिवस, साक्षरता दिवसको अवसरमा विविध रचनात्मक कार्य गर्दै आएको छ । गत वर्ष किताबघरले १९ वटा विद्यालयमा पुस्तक प्रदर्शनी तथा मेला समेत आयोजना गरेको थियो । यो वर्ष पनि दसैं, तिहारपछि विद्यालयमा पुस्तक प्रदर्शनी र मेलाको आयोजना गरिने उहाँले बताउनुभयो । पठन संस्कृतिको महत्व बुझ्नेसँगै पछिल्लो समय औपचारिक शिक्षा हासिल गर्दै गरेका विद्यार्थी र शिक्षकसँगै निजामति कर्मचारी, सेना, प्रहरी, स्वास्थ्य सेवाका साथै व्यवसायी, युवा, अभिभावक किताबघरमा पठनीय पुस्तकको खोजी गर्दै आउने क्रम बढेको छवि अनित्य बताउनुहुन्छ ।

सरकारको अनुकुलतामा...

पनि प्रदेश मन्त्रालयहरु चलेको उहाँले स्पष्ट पार्नुभयो। कानूनको प्रभावकारी कार्यान्वयन नहुनुमा सरकारको स्थायित्व नहुनु प्रमुख कारण भएको उहाँको भनाई छ ।

"सरकार स्थिर नभए पनि कानूनको प्रयोग, कार्यान्वयनका लागि आवश्यक बजेट सबैतिर समस्या हुन्छ । सरकार बनाउन, परिवर्तन गर्न, टिकाउनमै रुमलिएपछि कानुनको विषय ओझेलमा पऱ्यो", उहाँले भन्नुभयो। प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले सरकार सञ्चालन गर्ने दलले आफ्नो आवश्यकता, आफ्नो स्वार्थ हेरेर ऐन बनाउने गरेको बताउनुभयो। ऐन पारित गर्ने बखतमा बहुमतीय प्रणालीबाट हुँदा कानुन कार्यान्वयन प्रभावित भएको उहाँले बताउनुभयो । "आफ्नो काम देखाउन पनि सरकारको स्वार्थ स्पष्ट देखिन्छ । अनुकलतामा विधेयक ल्याउँछ। कानून संशोधन गर्छ। संसद र समितिमा छलफल हुन्छ। सुझाव दिने, लिने काम पनि हुन्छ । तर पारित गर्ने बेलामा सर्वसम्मत हुन सक्दैन, बहुमतको आधारमा हुन्छ", उनले भने ।

प्रदेशसभा सदस्य भारती पाठकले कानुनका बुझाइ बाझिएर प्रभावकारी हुन नसकेको बताउनुभयो। विधेयक तर्जुमाका बखत जनताको हित, तल्लो तहको आवश्यकतामा आधारित भएर विधेयक ल्याउने जरुरी रहेको उहाँले बताउनुभयो। 'विधेयकको मस्यौदादेखि नै स्वार्थ बाझिन्छ। अनि कानून संशोधनको क्रममा पनि त्यै हुन्छ। ऐनमा सरोकारवाला अन्तर मन्त्रालय, समुदाय, बुद्धिजिवी वर्गसँग पर्याप्त छलफल नै हुँदैन । यो हामीले स्वीकार गर्नै पर्छ । संघ, प्रदेश र स्थानीय तहको सरकार बीचमा समन्वय, सहकार्य र सुझाव लिनेदिने संस्कार आवश्यक छ" उहाँले भन्नुभयो ।

प्रदेशसभा सदस्य प्रभात तामाङले संविधानलाई आधार मानेर, अन्तर्राष्ट्रिय सन्धीहरुमा टेकेर प्रदेशसभाले कानुन बनाउने गरेको बताउनुभयो। कार्यान्वयन पाटो फितलो हुनुमा प्रदेश सभा सदस्य जिम्मेवार बन्नु पर्ने उहाँको भनाई छ । बनेका कानुनहरु अध्ययन र खबरदारी गर्ने काम नागरिक समाजले गर्नुपर्ने उहाँले बताउनुभयो। सर्वसाधारणहरु पनि स्थानीय आवश्यकताबारे गैरसरकारी विधेयक ल्याउनको लागि संसदमा माग गर्न सक्ने प्रावधान रहेकाले त्यसको प्रयोगमा अग्रसर हुन उहाँले आग्रह गर्नुभयो ।

लडेर गुरुङको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-२, भीमनगरका ५७ वर्षीय राम बहादुर गुरुङ आफ्नै घरको बैठक कोठामा लड्दा मृत्यु भएको छ । बुधबार साँझ बैठक कोठामा चिप्लिएर लडेका गुरुङको टाउकोको पछाडी भागमा चोट लागेको थियो ।

लडेर घाइते भएका गुरुङलाई परिवारका सदस्यले उपचारका लागि बुधबार साँझ ८ बजेको समयमा पुरानो मेडिकल कलेजमा उपचारका लागि लगेका थिए। उपचारको क्रममा बुधबार राती २ बजेको समयमा गुरुङको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

चट्याङ लागेर चौपायाको मृत्यु

समाज संवाददाता

हेटौँडाः सिन्धुली जिल्लाको बलेफी गाउँपालिका-४, डाँडागाउँमा चट्याङ लागेर चौपायाको मृत्यु भएको छ । मंगलबार रातीको समयमा जीवन तामाङको कच्ची गोठमा बाँधी राखेको एक हल गोरु र डाँडाली टोलका गोविन्द नेपालको कच्ची गोठमा एउटा भैंसीको चट्याङ लागेर मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

गौरवको शव भेटियो

समाज संवाददाता

हेटौँडाः धादिङ जिल्लाको गल्छी गाउँपालिकाको रुम्टाटारमा पौडी खेल्ने क्रममा बेपत्ता भएका २७ वर्षीय गौरव बम्जन लामाको शव चितवन जिल्लाको भरतपुर महानगरपालिका-२९, केराबारीस्थित त्रिशुली नदी किनारमा भेटिएको छ। गत आइतबार बेपत्ता भएका गौरवको शव बुधबार बिहान ९ बजे भेटिएको हो। गौरवका बुबाले शव सनाखत गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.को

२६औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस बहुउद्देश्यीय सहकारी संस्था लि.को २६ औं साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गइरहेको ब्यहोरा सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रद्वारा जानकारी गराइसकिएको छ । यदि पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर साधारणसभामा अनिवार्य उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

कार्यक्रम :
मिति: २०८१/०७/१० गते शनिबार
समय: ११:०० बजे
स्थान: हेटौँडा-२, पल्पसा प्याराडाइज होम

छलफलका विषयहरु :
१. अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
२. वार्षिक प्रगति तथा नीति कार्यक्रमसहितको सचिबज्युको प्रतिवेदन सम्बन्धमा ।
३. कोषाध्यक्षज्यूबाट आ.ब.२०८०/२०८१ को प्रतिवेदन एवम् भावी नीति तथा कार्यक्रम सम्बन्धमा ।
४. आ.व. ०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. आन्तरिक लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
६. आ.व. २०८१/०८२ का लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. संचालक समिति एवम् लेखा समितिको पदपूर्ति सम्बन्धमा ।
८. शेयर लाभांश एवं संरक्षित पुंजीकोष फिर्ता वितरण सम्बन्धमा ।
९. संस्थाको आवश्यकता अनुसार घर/घडेरी खरिद एवम् बिक्री सम्बन्धमा ।
१०. २०८०/०८१ को शेयर लाभांश बाँडफाँड सम्बन्धमा ।
११. बिविध ।

नोट : २०८० सालको एसइइ (SEE) मा उत्कृष्ट अंक ल्याउने सदस्यका छोराछोरीहरुलाई पुरस्कृत गरिने हुँदा मिति २०८१/०६/३० गते भित्र संस्थामा आफ्नो प्रमाणपत्रहरु पेश गर्न हुन जानकारी गराइन्छ । साथै साधारणसभामा सदस्य स्वयम् उपस्थित भएमा यातायात खर्च बापत संस्थाबाट उत्पादित शुद्ध तोरीको तेल प्रतिसदस्य २ लिटर प्रदान गरिनेछ ।

ईश्वर पण्डित
सचिव
दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि
हेटौँडा-२, मकवानपुर

मन्त्रीद्वारा आँखा अस्पताल निरीक्षण

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापा मगरले बिहिबार हेटौँडा सामुदायिक आँखा अस्पताल निरीक्षण गर्नु भएको छ । हेटौँडा सामुदायिक आँखा अस्पतालले प्रदान गर्दै आएको सेवाहरु र आगामी योजनाहरुको बारेमा मन्त्री थापाले चासो राख्नु भएको थियो ।

बागमती प्रदेश भित्र प्रभावकारी आँखा स्वास्थ्य सेवा पुऱ्याउनका लागि आफू लागी रहेको, यसका लागि तिलगंगा आँखा प्रतिष्ठानसँग पनि सहकार्य गर्ने कार्यक्रम रहेको बताउनु भयो । पूर्व यातायात एवम् खानेपानी मन्त्री एका लाल श्रेष्ठले हेटौँडा सामुदायिक आँखा अस्पताल यस क्षेत्रको महत्व भएकोले यसको सहयोगका लागि सबैको सहकार्य गर्नु पर्ने बताउनु भयो । वरिष्ठ नेत्रस्वास्थ्य विशेषज्ञ मोहिनी श्रेष्ठ र व्यवस्थापक सुधिर श्रेष्ठले अस्पतालको गतिविधि बारेमा जानकारी गराउनु भएको थियो। अस्तपाल भ्रमण पश्चात तिलगंगा आँखा प्रतिष्ठानको बसामाडीमा निर्माणाधिन फ्रेडहोलोस ईन्ट्राअकुलर लेन्स लेब्रोटोरीजको पनि मन्त्री थापा मगर एवम् पूर्व मन्त्री श्रेष्ठले अवलोकन गर्नु भएको थियो ।

जितिया पर्व समापन

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाले महिलाहरुले आफ्नै पहिचान बनाउनुपर्ने बताउनुभएको छ । उहाँले पहिचान बनाउन शिक्षामा जोड दिनुपर्ने बताउनुभएको हो ।

बिहीबार हेटौंडमा आयोजित थारु महिलाहरुको महान पर्व जितिया (जितिया पावैन)को समापन कार्यक्रममा शुभकामना मन्तव्य दिनुहुँदै नगर प्रमुख लामाले विश्व प्रविधिको युगमा दौडिरहेको प्रतिस्पर्धी जमानामा शिक्षा अत्यन्तै महत्वपूर्ण रहेको बताउनुभएको छ । आफ्नो जातजातिको पहिचान जोगाउन कला संस्कृतिको जगेर्ना गर्न सबै लाग्नुपर्ने उहाँको भनाइ छ ।

थारु कल्याणकारी महिला सभा मकवानपुरकी अध्यक्ष द्रौपदी चौधरीको सभाध्यक्षतामा भएको कार्यक्रममा थारु कल्याणकारी सभा मकवानपुरका सभापति सच्चिदानन्द चौधरी, सभाका पूर्वसभापति हरिलाल चौधरीलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

थारु विद्यार्थी सभा मकवानपुरकी कोषाध्यक्ष मनिता चौधरीले सहजीकरण गर्नुभएको कार्यक्रममा हेटौंडा-१० का वडाध्यक्ष फुर्वा दोर्जे तामाङ र थारु कल्याणकारी सभाका विभिन्न पदाधिकारीहरुको आतिथ्य रहेको थियो ।

तराईबासी थारु महिलाहरुले जितिया पर्व विशेष महत्वका साथ मनाउने गर्दछन् । हरेक वर्ष आश्विन कृष्ण सप्तमीदेखि नवमीसम्म मनाइने यस पर्वमा विवाहित महिलाहरुले मातृवात्सल्य र भातृत्वप्रति माया र स्नेह जगाउन उपवास बस्ने गर्दछन् । सप्तमीको दिन शनिबार पर्न गए यस पर्वको छुट्टै महत्व हुने र यसलाई थारु भाषामा शुईध भनिने कार्यक्रममा जानकारी गराइएको थियो ।

बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

सम्पादक ।

हाम्रो सुमो सेवाको नयाँ प्रस्तुती...

'असोज ७ गते सोमबारबाट सेवा शुभारम्भ

Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा



२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौँडा-काठमाडौं-हेटौँडा
हेटौँडा-बीरगन्ज-हेटौँडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

१५ पटकको यात्रापछि एउटा टिकट निशूल्क ।

'अग्रीम बुकिङ गरी दुईतर्फी टिकट लिएर ५ दिनभित्र यात्रा गरेमा दुईतर्फी टिकटको मूल्य ११००/- मात्र ।
हेटौँडा र काठमाडौं दुबैतर्फबाट गाडी छुट्ने समयः बिहान ६, ८, १०, मध्यान्ह १२, दिनको २ र ४ बजे ।

भेष खड्गी, सञ्चालक
हाम्रो ईभी सेवा
हेटौँडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौँडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौँडा
०५७-५९१०४०



Admission Open !!!

+2



Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)

BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।

(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौँडा- सिटि कलेज (जेनिथ मावि)
हेटौँडा-५, पिप्ले

काठमाडौं म्याराथनमा हेटौँडाका २० खेलाडी सहभागी हुने

समाज संवाददाता

हेटौंडाः काठमाडौंको दशरथ रंगशालमा भोलि शनिबार हुन लागेको १६ औं काठमाडौं म्याराथन प्रतियोगितामा सहभागी हुने हेटौंडाका खेलाडीहरुको बिदाइ गरिएको छ । बिहीबार नगर खेलकुद विकास समितिले एक समारोहका बीच हेटौंडाका २० जना खेलाडीहरुलाई बिदाइ गरेको हो ।

नगर प्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ, नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्रप्रसाद घिमिरेको उपस्थितिमा बिदाइ कार्यक्रम भएको हो । हेटौंडाका विभिन्न विद्यालयबाट १६ औं संस्करणको काठमाडौं म्याराथनमा सहभागी हुने खेलाडीलाई ट्रयाकसुट पनि प्रदान गरिएको छ । नगर खेलकुद विकास समितिले खेलाडीहरुलाई बिदाइ गरेसँगै खेलाडीहरुसँगै नै टिमकोच तथा प्रशिक्षक राजाराम पोखरेल पनि काठमाडौं जानुभएको छ । एनआरएस स्पोर्टस् फाउण्डेसनको आयोजना तथा इन्ड्राइभको सहकार्यमा हुने प्रतियोगितामा हेटौंडाका खेलाडीहरु ५ किलोमिटर र ३ किलोमिटरको दौडमा सहभागी हुनेछन् ।

१२ वर्षभन्दा अधिक उमेर समूहका खेलाडीहरुलाई प्राथमिकता दिएर हरेक वर्ष प्रतियोगिता आयोजना गर्ने गरेको प्रशिक्षक पोखरेलले बताउनुभयो । गत वर्षको तुलनामा यो वर्ष हेटौंडाबाट प्रतियोगितामा सहभागी हुने खेलाडीहरुको संख्यामा वृद्धि भएको उहाँले बताउनुभयो । काठमाडौं म्याराथन प्रतियोगिताका लागि प्रशिक्षक पोखरेलले हेटौंडाका ४६ जना खेलाडीलाई किकफिट सर्किट प्रशिक्षणमा सहभागी गराउनुभएको थियो ।

करिब ४ महिना सञ्चालन भएको प्रशिक्षणमा सहभागी भएका खेलाडीहरुलाई साताको ५ दिन प्रशिक्षण दिने गरेको र शनिबार हेटौंडाको क्याम्पाडाँडामा दौडाउने गरेको उहाँले जानकारी दिनुभयो ।

करिब ४ महिनाको प्रशिक्षणपछि हेटौंडाबाट २० जना खेलाडीहरुलाई छनोट गरेर प्रतियोगितामा सहभागी गराउन सफल भएको प्रशिक्षक पोखरेलले बताउनुभयो । साँझ ५ बजेदेखि साढे ६ बजेसम्म सञ्चालन भएको किकफिट सर्किट प्रशिक्षणमा नियमित सहभागी हुने, खेलप्रति रुचि देखाउने र लगनशील भएर प्रशिक्षणमा सहभागी भएका खेलाडीहरुलाई प्राथमिकतामा राखेर छनोट गरेको उहाँको भनाइ छ । गत वर्षको प्रतियोगितामा १३ जना छात्रा र २ जना छात्र खेलाडीहरु सहभागी हुने उहाँले बताउनुभयो ।

करिब ४ महिना सञ्चालन भएको प्रशिक्षणमा सहभागी भएका खेलाडीहरुलाई साताको ५ दिन प्रशिक्षण दिने गरेको र शनिबार हेटौंडाको क्याम्पाडाँडामा दौडाउने गरेको उहाँले जानकारी दिनुभयो । असार महिनाबाट सुरु गरेको किकफिट प्रशिक्षणको सुरुवातमा हेटौंडा नगरभित्रका ५० जना खेलाडीहरु सहभागी भएकोमा ४ जना खेलाडीले प्रशिक्षण छाडेका थिए । प्रशिक्षणमा ३६ जना छात्रा र १० जना छात्र खेलाडीहरु सहभागी भएपनि छात्राहरु मात्र प्रतियोगितामा सहभागी हुँदैछन् ।

खेलप्रति रुचि भएका र धावक बन्न इच्छा भएका खेलाडीहरुलाई लक्षित गरेर नेपालको ८ वटा सहरहरुमा किकफिट प्रशिक्षण सञ्चालन हुने गरेको बताउनुहुँदै प्रशिक्षक पोखरेलले भन्नुभयो, "जसअन्तर्गत हेटौंडाका खेलाडीलाई प्रतियोगितामा सहभागी गराउनका लागि प्रशिक्षणमा सहभागी गराएका थियौं । त्यही अनुसार हामीले खेलाडीलाई सहभागी गराउन सफल भएका हौं ।" हप्ताको ५ दिन सञ्चालन भएको प्रशिक्षणमा बालबालिका एवम् धावकलाई सम्भावित चोटपटकबाट बच्नेबारे पनि जानकारी गराइएको थियो । प्रशिक्षणको माध्यमबाट खेलाडीहरुको मनोबल बढ्ने, स्वस्थ हुने, आत्मबल बढ्ने, प्रतिस्पर्धा गर्नसक्ने क्षमता बढ्ने तथा विभिन्न प्रकारको नकारात्मक कामबाट बच्ने बताइएको छ । नेपालको काठमाडौं, पोखरा र पाटन महानगर पालिका, बुटवल र हेटौंडा उपमहानगर पालिका एवम् मध्यपुर थिमी र कीर्तिपुर नगरपालिकाका छात्रा र छात्र खेलाडीहरुको प्रतियोगितामा सहभागिता रहने बताइएको छ ।

मकवानपुर जिल्ला लिग

उपाधिका लागि पदमपोखरी युथ र सहिद स्मृति भिड्ने

फाइनल प्रवेश गरेको पदमपोखरी युथ क्लब (बायाँ) र सहिद स्मृति क्लबको फुटबल टिम ।

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिताको फाइनलमा सहिद स्मृति क्लब र पदमपोखरी युथ क्लब फाइनलमा प्रवेश गरेको छ । हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा बिहिबार भएको पहिलो सेमीफाइनल खेलमा बागमती गाउँपालिकाको सहिद स्मृति क्लब न्यू कम्वाइन क्लबलाई टाइब्रेकरमा ६-५ गोलले हराउँदै फाइनलमा प्रवेश गरेको थियो ।

खेलको निर्धारित समय गोलरहित बराबरीमा भएपछि नतीजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो । टाइब्रेकरमा बराबरी भएपछि खेल सडन डेथमा पुगेको थियो । बिहिबार नै भएको दोस्रो सेमीफाइनल खेलमा मनहरी गाउँपालिकाको हाँडीखोला एफसीलाई २-१ गोलअन्तरले हराउँदै पदमपोखरी फाइनलमा प्रवेश गरेको हो । पदमपोखरीले एक गोल उपहार स्वरुप आत्मघाती प्राप्त गरेको हो दोस्रो हाफमा पदमपोखरीका बिजेश तितुङले एक गोल गरेका थिए । म्यान अफ द म्याच सहिद स्मृतिका गोल रक्षक अविशन राई घोषित भएका छन् ।

जिल्ला लिगको उपाधिका लागि पदमपोखरी युथ क्लब र बागमती गाउँपालिकाको सहिद स्मृति क्लबबीच फाइनल खेल शनिबार हुनेछ । लिगको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगितामा २८ वटा क्लबको सहभागिता रहेको थियो । लिग कम नकआउटको आधारमा सञ्चालन गरिएको जिल्ला लिगमा सहभागी टिमलाई ७ वटा समूहमा विभाजन गरिएको थियो ।

हार्दिक समवेदना

जन्मः १९८९/१२/२४ **स्व. नन्दिकेशर फुँयाल** स्वर्गारोहणः २०८१/०५/३०

हाम्रा सहकर्मी मकवानपुर बहुमुखी क्याम्पसका उपप्राध्यापक रामचन्द्र फुँयालका पुजनीय बुबा **नन्दिकेशर फुँयाल**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३औं दिन**को पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

शेखर थपलिया, अध्यक्ष
एवम् नेपाल प्रगतिशील प्राध्यापक संगठन परिवार
मकवानपुर बहुमुखी क्याम्पस इकाई
हेटौंडा, मकवानपुर

हार्दिक समवेदना

जन्मः १९८९/१२/२४ **स्व. नन्दिकेशर फुँयाल** स्वर्गारोहणः २०८१/०५/३०

हाम्रा सहकर्मी मकवानपुर बहुमुखी क्याम्पसका उपप्राध्यापक रामचन्द्र फुँयालका पुजनीय बुबा **नन्दिकेशर फुँयाल**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३औं दिन**को पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

घनश्याम घिमिरे, अध्यक्ष
एवम् पब्लिक क्याम्पस प्राध्यापक संघ परिवार
मकवानपुर बहुमुखी क्याम्पस इकाई
हेटौंडा, मकवानपुर

हार्दिक समवेदना

जन्मः १९८९/१२/२४ **स्व. नन्दिकेशर फुँयाल** स्वर्गारोहणः २०८१/०५/३०

मकवानपुर बहुमुखी क्याम्पसका उपप्राध्यापक रामचन्द्र फुँयालका पुजनीय बुबा **नन्दिकेशर फुँयाल**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३औं दिन**को पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

डा. यम बहादुर सिलवाल, क्याम्पस प्रमुख
एवम् मकवानपुर बहुमुखी क्याम्पस परिवार
हेटौंडा, मकवानपुर

दशै, तिहार र छठको उपलक्ष्यमा
आयोजित
प्रथम खुल्ला पेनाल्टी सुटआउट प्रतियोगिता २०८१

२०८१ असोज १९-२० गते
स्थानः हेटौंडा-४, हुप्राचौर
सम्पर्क नं. ९७४६२८४२२८, ९७६४२५३९४६,

दर्ता शुल्कः रु २,०००/-
प्रथम पुरस्कारः रु १२,०००/-
दोस्रो पुरस्कारः रु ८,०००/-

"बालबालिकामा लगानी, सुनिश्चीत भविश्यको थालनी"
हेटौंडा उपमहानगरपालिका
९ नं. वडा कार्यालय
हार्दिक निमन्त्रणा

हेटौंडा उपमहानगरपालिका वडा नं. ९ लाई
निकृष्ट बालश्रम मुक्त, बाल विवाह मुक्त तथा बालमैत्री स्थानीय शासन युक्त वडा घोषणा एवम् शैक्षिक प्रदर्शनी तथा सांस्कृतीक कार्यक्रम

देहायको मिति, स्थान, र समयमा आयोजना हुन गइरहेको हुँदा उक्त कार्यक्रम यहाँको गरिमामय उपस्थितीको लागि हार्दिक निमन्त्रणा गर्दछु ।

कार्यक्रम
मितिः २०८१ असोज ११ गते, शुक्रवार
स्थानः प्रगति माध्यामीक विधालयको प्राङ्गण, हेटौंडा-९
समयः बिहान ११:०० बजे

आयोजक
सुकराम के.सी
वडा अध्यक्ष एवम्
बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा
मुल समिति संयोजक